चुलाचुली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,
# चुलाचुली इलाम

चुलाचुली गाउँपालिकाको

## आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७७

**गाउँ कार्यपालिकाद्धारा स्वीकृत मिति : –२०७७/०६/०९**

आज्ञाले,
काजीमान राई
प्रमुख प्रशासकीय अधिकृत

**चुलाचुली गाउँपालिका**
इलाम जिल्ला, १ नं. प्रदेश,
नेपाल।

## चुलाचुली गाउँपालिकाको
# आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७७

**प्रस्तावनाः**

गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने अत्यन्तै न्युन वा कमजोर आर्थिक अवस्था भएका नागरिकहरु जो दीर्घरोगी जस्तै मुटु सम्बन्धि रोग, मृगौला सम्बन्धि रोग, क्यान्सर रोग, पक्षघात सम्बन्धि रोग, प्यारालाइसिस तथा मस्तिष्कघात लगायतका रोगबाट पिडित नागरिकहरुका साथै प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट आहत हुने नागरिकहरु र अप्रत्याशित कारणबाट विशेष परिस्थितिको सामना गर्ने नागरिकहरु समेतको स्वास्थ्य उपचारका निम्ती राहत स्वरुप तत्काल केही मात्रामा आर्थिक सहयोग गर्न र यस क्षेत्रभित्रको प्रवर्द्धनात्मक, निरोधात्मक एवं उपचारात्मक तथा मानव स्वास्थ्यप्रति प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संवेदनशीलता प्रदर्शन गर्दै, आम चुलाचुलीवासी नागरिकहरुको स्वास्थ्य स्थिति सुधार गर्दै सामाजिक न्यायको अनुभुति प्रत्याभुत गर्न तथा स्वस्थ र सुखी चुलाचुली निर्माणका लागि आर्थिक सहायता कोष स्थापना र संचालन गर्न वाञ्छनीय भएकोले,चुलाचुली गाउँपालिकाको विनियोजन ऐन (तेस्रो संशोधन) २०७५ को दफा ४ बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी चुलाचुली गाउँकार्यपालिकाले यो **आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि-२०७७** स्वीकृत गरेको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम “आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७” रहेको छ ।

(२) यो कार्यविधि चुलाचुली गाउँपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात तत्काल लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कार्यविधि” भन्नाले चुलाचुली गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई सम्झनु पर्दछ ।

(ख) “कोष” भन्नाले कार्यविधिको दफा ७ बमोजिमको चुलाचुली गाउँपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ ।

(ग) **“**अध्यक्ष **”** भन्नाले चुलाचुली गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) **“**उपाध्यक्ष**”** भन्नाले चुलाचुली गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) **“**प्रमुखप्रशासकीय अधिकृत**”** भन्नाले चुलाचुली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) “कार्यपालिका” भन्नाले चुलाचुली गाउँपलिकाको गाउँ कार्यपालिकालाई बुझ्नुपर्छ ।

(छ) “आर्थिक सहायता” भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट घाइते भई विशेष उपचार गर्नु पर्ने लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मस्तिष्कघात, प्यारालाइसिस तथा पक्षघात जस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरुको लागि गाउँपालिका मार्फत तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

(ज) “सभा” भन्नाले चुलाचुली गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ । (ज) “वडा” भन्नाले चुलाचुली गाउँपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।

(झ) “वडा कार्यालय” भन्नाले चुलाचुली गाउँपालिकाको सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद २
## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

**३. अवधारणाः**

चुलाचुली गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सृर्जित विपद्मा परि गंम्भिर उपचार गर्नु पर्ने व्यक्ति वा परिवारलाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ।

**४. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपद्को प्रकोपमा परि गंम्भिर उपचार गर्नु पर्ने व्यक्ति वा परिवारलाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि तत्काल राहत उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ।

**५. उद्देश्य**

(१) दीर्घरोगीहरुलाई विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) विपद् वा आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

**६. नीति**

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

(३) गाउँपालिका क्षेत्र भित्र रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३
## कोष स्थापना

**७. कोष स्थापनाः** चुलाचुली गाउँपालिकाको संचित कोष रहेको वित्तिय खातामा आर्थिक सहायता कोष नाम गरेको एक छुट्टै खाता खोलिने छ ।

**८. कोषमा जम्मा हुने रकमः** (१) चुलाचुली गाउँपालिकाको गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४
## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

**९. कोषबाट खर्च हुने क्षेत्रः** (१) दीर्घरोग लागेका विपन्न व्यक्तिहरुको उपचार खर्च उपलब्ध गराउने र आवश्यक्ताको आधारमा कोषबा

ट प्राकृतिक विपद्बाट भएका धनजनको क्षतिको लागि समेत आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) आवश्यक्ताको आधारमा संघ संस्थालाई समेत यसै कोषबाट आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

**१०. कोषबाट देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्ने** :

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | सामाग्री तथा नगद सहयोग | |
|---|---|---|---|
| | | तत्काल उपलब्ध गराउने राहत सामाग्री | सहयोग गर्ने रकम |
| १ | घर र गोठ/फार्म दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | पाल, खाने थाल, खाना पकाउने तथा चलाउने भाँडा कुडा १ सेट, १ हप्ता सम्मको लागि आवश्यक पर्ने खाद्यान्न | ५०००-१०००० |
| २ | घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | | ५०००-८००० |
| ३ | घर र गोठ/फार्म दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | | १००००-५०००० |
| ४ | घर र गोठ/फार्म दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र पशुको समेत मृत्यु भएमा | | १००००-१५००० |
| ५ | गोठ/फार्म मात्र बगेर वा जलेर पशुको समेत मृत्यु भएमा | | ५०००-१०००० |
| ६ | प्राकृतिक प्रकोप तथा कुनै दुर्घटनामा परी घाइते भएका व्यक्तिको लागि अस्पताल गई उपचार गर्न उपलब्ध गराउने सहयोग | | ५०००-२०००० |
| ७ | विभिन्न जटिल तथा दीर्घरोग जस्तैः क्यान्सर, मुटु रोग, मृगौला रोग, पक्षघात तथा मत्सिष्कघात र प्यारालाइसिस जस्ता गम्भिर रोग लागि सहज उपचार प्राप्त गर्न समस्यामा परेका गरिव/विपन्न नागरिकहरुको लागि रोगको प्रकृति र निजको आर्थिक अवस्था हेरी उपलब्ध गराउने सहयोग | | १००००-२०००० |
| ८ | संघ संस्थालाई आर्थिक सहयोग गर्नु पर्ने भएमा औचित्यता हेरी बुझि | | ५०००-५०००० |

**११. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातः** (१) गाउँ कार्यपालिकाको कार्यालयमा यस कार्यविधिको दफा १० बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्बाट धनजनको क्षति सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) फोटोटाँस सहितको निवेदन

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

(ग) सम्बन्धित प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतिको फोटो

(ङ) आवश्यक भएमा क्षतिको प्राविधिक मूल्याङ्कन

(च) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

(छ) पिडितको नागरिकता/जन्म दर्ताको प्रतिलिपी तथा अन्य आवश्यक प्रमाणहरु :

(३) गाउँपालिकाले औषधी उपचारका लागि सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ :

(क) सम्वन्धित व्यक्ति वा निजका अभिभावक वा नीजको संरक्षकको निवेदन,

(ख) निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने स्वीकृत चिकित्सकले जाँच गरेका प्रमाणका प्रतिलिपी, यस्ता कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पुरानो भएमा मान्य हुन छैन,

(ग) सम्वन्धित चिकित्सकले उपचारका लागि लेखी दिएका औषधीहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण,

(घ) कडा रोग लागि अप्रेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्चलाग्ने भएमा सोका लागि मेडिकल वोर्डको सिफारिस सम्बन्धी कागजपत्र,

(ङ) विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र ।

१२. **आर्थिक सहयोगको निर्णय :** (१) दफा ११ बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा रु. १०००० सम्मको हकमा अध्यक्षले सोभै आदेश गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा तोकिएको भन्दा माथीको आर्थिक सहायता रकम उपलब्ध गराउनु परेमा कार्यपालिकाको बैठकले निर्णय गर्नुपर्नेछ ।

(३) पाल थाल १, खाना पकाउने तथा खाने भाँडा १ सेट, एक हप्ताको लागि आवश्यक पर्ने खाद्यान्न सामाग्री तत्काल उपलब्ध गराउनको लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले आदेश गर्न सक्नेछ ।

(४) औषधी उपचार सहयोग उपलब्ध गराउंदा गाउँपालिका सामाजिक विकास शाखा (स्वास्थ्य चौकी) बाट उठान भई आर्थिक प्रशासन शाखा समेतको बजेट सम्बन्धी राय लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस हुनेछ ।

## परिच्छेद ५
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१३. कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था : (१)** कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**१४. आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्ने :** (१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१५. कोषको आय-व्ययको लेखा तथा सो को सार्वजनिकरण :** कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(१) कोषबाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

**१६. कार्यविधिको संशोधन :** (१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यकसंशोधन गर्न सक्नेछ ।

**१७. बचाऊ र खारेजीः** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यवस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न पनि सक्नेछ ।